का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ पुस २०७९,
बिहीबार
22 December 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३०६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# पहिलो
## प्रधानमन्त्रीमा प्रतिस्पर्धा



"यो पटकलाई सभापति देउवाकै नेतृत्वमा सरकार गठन हुन्छ, अर्को कार्यकालमा गठबन्धनबाट प्रचण्ड बन्न सक्नुहोला ।"

**प्रकाशशरण महत**
नेता, कांग्रेस



"यो पटक प्रचण्डको नेतृत्वमा सरकार गठन हुनु आजको आवश्यकता हो, गठबन्धनमा सहज सहमति होला ।"

**रामनारायण विडारी**
नेता, माओवादी केन्द्र

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकार गठनका लागि पुस १० गतेसम्मको समयावधि दिएपछि प्रधानमन्त्री बन्नलाई दौड सुरु भएको छ । सरकार गठनका लागि नेकपा एमाले मौन देखिएपनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भने प्रधानमन्त्री बन्ने होडबाजीमा देखिन्छन् । सभापति देउवालाई चुनौती दिने गरि महामन्त्री गगन थापाले तयारी गरेपनि संसदीय दलमा हारेपछि भने देउवालाई प्रधानमन्त्री बन्न थप सहज हुने भएको छ । उनीनिकट नेता प्रकाशशरण महत पनि कांग्रेसकै नेतृत्वमा सरकार बन्ने दाबी गर्दै आएका छन् ।

'यो पटकलाई सभापति देउवाकै नेतृत्वमा सरकार गठन हुन्छ, अर्को कार्यकालमा गठबन्धनबाट प्रचण्ड बन्नसक्नुहोला' उनले भने । साथै उनले अबको सरकार देउवाकै नेतृत्वमा गठबन्धन दल मिलेर बनाउने बताएका छन् ।

तर, नेकपा माओवादी केन्द्रका नेता रामनारायण विडारी भने देउवा राष्ट्रपति बनेर प्रचण्डलाई प्रधानमन्त्री दिनुपर्ने बताउँछन् । गठबन्धनमा आलोपालो प्रधानमन्त्रीको सहमति पहिल्यै भएको हो, यो पटक प्रचण्डको नेतृत्वमा सरकार गठन हुनु आजको आवश्यकता हो, गठबन्धनमा सहज सहमति होला, उनले भने । साथै उनले गठबन्धनका बाहेक वामएकताको विकल्प हुनसक्ने पनि बताएका छन् । तर, अघिल्लो सरकार गठनमा आलोपालोको सहमतिमा धोका पाएका प्रचण्ड केपी ओलीलाई पनि तत्कालै विश्वास गर्ने अवस्थामा भने देखिदैंनन् । तर पनि, ओलीले सुवास नेम्वाङलाई भेट्न लगाएर एमालेलाई राष्ट्रपति र माओवादीलाई प्रधानमन्त्री दिने प्रस्ताव गराएका छन् । देउवाले प्रधानमन्त्री नदिए एमालेसँग मिल्ने संकेत गरिरहेका प्रचण्ड भने जुन पार्टीसँग मिल्दा प्रधानमन्त्री बनिन्छ सोही पार्टीसँग मिल्ने तयारीमा देखिएका छन् ।

यता, सरकार गठनमा मौन देखिएको नेकपा एमाले पनि भित्री रुपमा सरकार गठनमा भने – बाँकी पृष्ठ २ मा

कांग्रेसले प्रधानमन्त्री नदिए एमालेसँग मिल्ने संकेत गरिरहेका प्रचण्ड भने जुन पार्टीसँग गठबन्धन गर्दा प्रधानमन्त्री बनिन्छ सोही पार्टीसँग मिल्ने तयारीमा देखिएका छन् ।


जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेका शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मातृभाषामा शपथ लिँदै २६ सांसद

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

२६ जना सांसदले मातृभाषामा शपथ लिने भएका छन् । संघीय संसद सचिवालयका अनुसार बिहीबारसम्म अन्य पनि थपिन सक्छन् । प्रतिनिधिसभा सदस्यहरुले बिहीबार दिउँसो १ बजे शपथ लिँदैछन् । नेपाली बाहेकका भाषामा शपथ लिन चाहनेहरुका लागि बिहीबार बिहान ११ बजेसम्म निवेदन दिन भनिएको छ । बुधबार बेलुकीसम्म २६ जना सांसदले निवेदन दिएका हुन् । उनीहरुले सन्थालीदेखि संस्कृतिसम्मका भाषामा शपथ लिन चाहेको भनी निवेदन दिएका हुन् ।

थारु भाषामा शपथ लिने गरी ६ जनाले निवेदन दिएका छन् । राप्रपाका अशोक कुमार चौधरी, नागरिक उन्मुक्ति पार्टीका तीन जना रञ्जिता श्रेष्ठ, अरुणकुमार चौधरी र गंगाराम थारुले थारू भाषामा शपथ लिने गरी निवेदन दिएका छन् । स्वतन्त्र सांसद लालवीर चौधरीले पनि थारु भाषामा शपथ लिनेछन् । एमालेका राज अहमद फारुकीले – बाँकी पृष्ठ २ मा

# हारेर जितेका गगन

संसदीय दलको नेतामा सभापति शेरबहादुर देउवासँग पराजित भए पनि महामन्त्री गगन थापाले आफ्नो राजनीतिक व्यक्तित्व भने थप स्वीकार्य बनाएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

नेपाली कांग्रेसको संसदीय दलको नेतामा सभापति शेरबहादुर देउवा निर्वाचित भएका छन् । बुधबार सिंहदरबारमा भएको दलको चुनावमा सभापति देउवाले महामन्त्री गगन थापालाई फराकिलो अन्तरले पराजित गरे । सभापति देउवाले ६४ मत ल्याएर दलको नेता जित्दा महामन्त्री थापाले २५ मत मात्रै ल्याए ।

७९ सिटसहित संसदको सवैभन्दा ठूलो दल कांग्रेस संसदीय दलको नेता निर्वाचित भएसँगै सभापति देउवालाई छैटौं पटक प्रधानमन्त्री बन्ने बाटो खुलेको छ । ०७४ को चुनावपछि पनि देउवाले दलको नेता जितेका थिए । ०५१ सालको चुनावपछि नै दलको नेता बनेका देउवाले ०७४ को चुनावपछि पूर्वमहामन्त्री प्रकाशमान सिंहलाई पराजित गरेका थिए । त्यो चुनावमा कांग्रेसले ६३ सिट मात्रै जितेको थियो ।

यसपटक कांग्रेस पहिलो दल हो । पहिलो दल भएकाले सरकार निर्माणको पहिलो दावी कांग्रेस नै हो । उक्त दलको नेता निर्वाचित भएर प्रधानमन्त्री बन्ने घोषणा चुनाव अगाडि नै महामन्त्री थापाले गरेका थिए । तर थापाको सपना पूरा हुन सकेन । कांग्रेस संस्थापन इतर समूहको नेतृत्व गर्दै आएका डा.शेखर कोइराला समूहबाट उम्मेद्वार बनेका थापाले आफ्नै गुटको पनि सबै मत पाएनन् । – बाँकी पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

# अभिमुखीकरण तालिम संस्थाहरुप्रति विभागले डण्डा उठाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस

वैदेशिक रोजगार विभागले अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्थाहरुले पटकपटक आग्रह गर्दा पनि तालिम सञ्चालन कार्यविधि अनुसार काम नगरेको बताएको छ ।

विभागले वैदेशिक रोजगार नियमावली २०६४ अनुसार वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरुपमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था भए बमोजिम विभागबाट विभिन्न तालिम प्रदायक संस्थाहरु दर्ता गरेको उल्लेख गर्दै उनीहरुले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ ले तोकेको मापदण्ड बमोजिमको भौतिक पूर्वाधारको अवस्था र नियमितरुपमा कक्षा सञ्चालन लगायतका शर्त गरेको नपाइएको विभागले बताएको छ ।

विभागले १५ दिनभित्र कार्यविधि बमोजिमका भौतिक पूर्वाधार पूरा गरी अनलाइनमार्फत विभागमा विवरण पठाउन पनि भनेको छ । अनलाइन प्रणालीमा विवरण नपठाउने संस्थालाई कानूनी कारवाही गरिने भन्दै विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरुको चाँडै नै अनलाइन प्रणालीबाट अनुगमन गरिने बताएको छ । विभागले विगत लामो समयदेखि अभिमुखीकरण प्रदान गर्ने संस्थाका सञ्चालकले कार्यविधि र निर्देशिका अनुसार तालिम सञ्चालन नगरेको दाबी गर्दै आएको छ ।

वैदेशिक रोजगार अभिमुखीकरण संस्थाका सम्बन्धमा गुनासो बढेको भन्दै विभागले केही समयअघि राजधानीमा रहेका ६ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थामा अनुगमन गरेको थियो । विभागले अनुगमनका लागि आफ्नो मोबाइल, ह्वाट्स एप र भाइबरबाट अभिमुखीकरण कक्षा सञ्चालन भइरहेको दृश्य देखाउन पटकपटक अनुरोध गर्दासमेत केही अभिमुखीकरण संस्थाका सञ्चालकहरुबाट विभिन्न कारण देखाई कक्षा सञ्चालनको दृश्य नदेखाउने, फोन कल रिसिभ नगर्ने जस्ता कार्य गरेर विभागलाई असहयोग गरी अनुगमनको कार्यलाई प्रभावित पार्ने गरेको गुनासो गर्दै आएको छ ।

विभागले अनुगमनको कार्यलाई प्रभावित – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि शुभम पावरको शेयर बिक्री खुला

काठमाडौं/रासस- शुभम पावर लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि साधारण शेयरको बिक्री खुला गरेको छ । कम्पनीले बुधबारदेखि प्रतिकित्ता एक सय रुपैयाँ अंकित दरमा ५८ हजार ५८ कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) बिक्री खुला गरेको हो ।

कम्पनीले सर्वसाधारणमा निष्काशन गरिने चार लाख कित्ता र यसअघि स्थानीयमा निष्कासन गरी बिक्री नभएको एक लाख ८० हजार पाँच सय ८० कित्तासहित कूल पाँच लाख ८० हजार पाँच सय ८० कित्ताको १० प्रतिशतले हुने ५८ हजार ५८ कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गर्ने सार्वजनिक आह्वानपत्रमा उल्लेख गरेको छ ।

निष्कासित शेयरमा वैदेशिक रोजगारीमा – बाँकी पृष्ठ २ मा

# शोभराजलाई स्वदेश फर्काउन आदेश



सर्वोच्च अदालतबाट १९ वर्षदेखि जेलमा रहेका ७८ वर्षीय फ्रान्सेली नागरिक शोभराजलाई थुनामुक्त गर्न र १५ दिनभित्र स्वदेश फर्काउने आदेश भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

१९ वर्षदेखि जेलमा रहेका ७८ वर्षीय फ्रान्सेली नागरिक चार्ल्स शोभराजलाई थुनामुक्त गर्न र १५ दिनभित्र स्वदेश फर्काउने आदेश भएको छ ।

सर्वोच्च अदालतले केन्द्रीय कारागारको गोलघरमा बन्दी जीवन बिताउँदै आएका शोभराजलाई वृद्धको नागपरिकको रुपमा अदालतले हेरेको छ । र बृद्ध व्यक्तिलाई कानुन प्रदत्त सुविधा तत्काल प्रदान नगर्दा निजको संविधान प्रदत्त बाँच्न पाउने हक र एकान्त कारावास विरुद्धको हकमा समेत असर परेको अदालतको आदेश छ । शोभराजका तर्फबाट परेको बन्दीप्रत्यक्षीकरणको निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतक – बाँकी पृष्ठ २ मा


सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# रोकिएन बालविवाह

**मान बहादुर बिश्वकर्मा/मध्यान्ह**
कालीकोट, ६ पुस



कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा कालीकोटमा बालविवाह नरोकिएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । बालविवाह विरुद्ध साझा अभियान कालीकोटको आयोजनामा मंगलबारमहवै गाउँपालिकाको केन्द्रमा भएको अन्तरक्रिया कार्यक्रममा उपस्थित वक्ताहरुले यस्तो बताएका हुन् । कार्यक्रममा महावै गाउँपालिका-१ का अध्यक्ष नरेन्द्र शाहीले समाजमा अहिलेसम्म पनि बालविवाह अन्त्य हुन नसकेको बताउँदै बालविवाह गर्नु/गराउनु बाल अधिकार, महिला अधिकार, मानव अधिकार र कानूनी शासनको समेत प्रतिकूल भएको बताए । साथै उनले बालविवाहबाट बालबालिका पढ्न पाउने, स्वेच्छिक रुपमा विवाह गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने हकबाटसमेत बञ्चित हुने भएकाले यसको अन्त्य गर्नुपर्ने बताए ।

यस्तै, उनले बालविवाह अन्त्य गर्ने कानूनी व्यवस्था भएपनि स्थानीय तहमा कार्यान्वयन नहुँदा बालविवाह नरोकिएको बताए । कालीकोट जिल्लामा धार्मिक अन्धविश्वास र परम्परा, बेरोजगारी, आर्थिक अभाव र धेरै सन्तान भएका कारण बाध्यताले पनि बालविवाह जस्ता गैरकानूनी कार्यले प्रश्रय पाइरहेको उनले बताए । गाउँस्तरका नागरिकले बालविवाहबाट वैवाहिक जीवनमा पर्न सक्ने असर, बालिकाको प्रजनन स्वास्थ्यमा पर्नसक्ने गम्भीर खतरा, बाल अधिकार, कानूनी बन्देजहरुको बारेमा राम्ररी जानकारी नपाएका कारण बालविवाहले निरन्तरता पाइरहेको वडा नम्बर २ का वडाध्यक्ष हर्कबहादुर सिंहले बताए । साथै उनले आफ्नो वडा र सिंगो गाउँपालिकालाई नै बालविवाहमुक्त गराउन रणनीतिक योजना बनाएर अभियानमा लाग्ने प्रतिवद्धता जनाएका छन् । कालीकोटका प्रहरी प्रमुख डिएसपी जयश्वर रिमालले बालविवाह सामाजिक तथा परम्परागत कुरीति भएकाले यसको अन्त्य गर्नका लागि जनचेतनामुलक कार्यक्रम गर्नुपर्ने, अभिभावकलाई यौन तथा प्रजनन् शिक्षा सम्बन्धी तालिम दिनुपर्ने र बालबालिकाहरुलाई सानै उमेरदेखि बालविवाह गर्नुहुन्न भन्ने मानसिकताको विकास गराउनुपर्ने बताए ।

बालविवाहको बारेमा सकभर कसैले उजुरी नै नगर्ने र कसैले कुनै कारणले उजुरी गरेकै खण्डमा पनि यो आफन्त भनेर ढाकछोप गर्ने, सामाजिक, रीतिरिवाज, धार्मिक एवं सांस्कृतिक प्रचलन हो भन्दै बालविवाहलाई सामाजिक मान्यता मिलापत्र गराई दिने गरेका कारणले जिल्लामा अहिलेसम्म पनि बालविवाह अन्त्य हुन नसकेको कार्यक्रमका सहजकर्ता एवम पत्रकार कालीबहादुर मल्लले बताए । नेपालको बालविवाह सम्बन्धी ऐन कानून नेपालको संविधानको धारा (३९) को उपधारा (५) ले कुनै पनि बालबालिकाको हक स्थापित गर्नुका साथै २० वर्ष भन्दा कम उमेरमा गरिने विवाह कानूनतः दण्डनीय र गैरकानूनी हुने भएकोले बदर हुने व्यवस्था गरेको छ । यस्तै, कसुर गर्ने व्यक्तिलाई एक वर्ष कैद र दश हजार रुपैयाँ जरिवानाको व्यवस्था छ । तर यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

# ठेकेदारको ढिलासुस्तीको स्थानीयद्वारा विरोध

**सर्लाही/मस-** सर्लाहीको लालबन्दी नगरपालिका १५ र १६ स्थित परवानीपुरका स्थानीयहरुले ठेकेदारले समयमै काम नगरेको भन्दै बाटोमा मुद्धा तेर्स्याएर बाटो बन्द गरेका छन् । लालबन्दी नगरपालिका १५ र १६ परवानीपुरचोकबाट पूर्व देउरालिसम्म पुग्ने बाटोमा ग्राभेल गरेको लामो समय भइसक्दा पनि ठेकेदार कम्पनीको लापरबाहीका कारण कालोपत्रे सम्पन्न नभएको भन्दै स्थानीयले बाटो बन्द गरेका हुन् ।

उनिहरुले समयमै बाटो निर्माणको काम नसकिँदा अत्याधिक धुँलो उडेको कारण आजित भएका स्थानीयले निर्माणकार्य चाडैं गर्न ठेकेदारको ध्यानाकर्षण गराउन भन्दै बाटो बन्द गरेका हुन् । स्वास्थ्यमा प्रतिकुल असर परेको स्थानीय दिपक खड्काले बताए । उनका अनुसार साना तथा ठूला सवारीसाधन चल्दा सडकमा बिछ्याइएको गिट्टी उछिट्टिएर घरमा लाग्ने, घरमा बसेका तथा बाटोमा हिँड्ने पैदलयात्री तथा विद्यार्थीहरुलाईसमेत ढुंगाले लाग्ने जोखिम बढेको छ । ठेकेदारले पटक-पटक म्याद थप्दै काम नगर्ने गरेको स्थानीयको गुनासो छ । आर्थिक वर्ष २०७८/०७९ को अन्तिममा काम सक्नुपर्ने भनिए पनि विभिन्न बहानामा अहिलेसम्म कालोपत्रे नहुँदा स्थानीय आजित भएका छन् ।

आफुले पटक-पटक ठेकेदारलाई छिटो काम सक्न भनेपनि सुनुवाई नगरेको लालबन्दी नगरपालिका १५ का वडा अध्यक्ष गोरख बलले बताए । उनका अनुसार ठेकेदारले केहि प्राविधिक समस्या देखाउँदै काममा आलटाल गर्ने काम भइरहेको बताए । लालबन्दी नगरपालिका १५ को देउरालीबाट परवानीपुरचोक हुँदै चिसापानी,सतभैयादेखि लालबन्दी जोड्ने सडकको हाल देउरालीबाट परवानीपुर चोकसम्म कालोपत्रे गर्ने काम भइरहेको छ ।

सो बाटो पिच गर्नका लागि शहरी विकाश तथा भवन कार्यालय धनुषाले पहिलो पटक रु. १ करोड बजेट दिएको र त्यसले अपुग भएपछि पुनः बजेट थपिएको लालबन्दी नगरपालिका १६ का वडाध्यक्ष गणेश थापाले बताए । उनका अनुसार सो सडकले लालबन्दी १५ र १६ दुबै वडालाई छोएको छ ।

यता सडक कालोपत्रे गर्ने ठेकेदार सिताराम आचार्यले फागुनको पहिलो साताबाट कालोपत्रेको काम शुरु गर्ने बताएका छन् । उनले केहि समय अगाडि कालोपत्रे शुरु गर्ने लाग्दा बाटो सानुपर्ने भन्दै गुम्बा झर्ने ओरालो छेउका स्थानीयले अवरोध गरेका कारण काम रोकिएको बताए । तर केहि ठाउँमा नाला निर्माण गर्नुपर्ने, ढलान गर्नुपर्ने र कल्भर्ट वाल बनाउनुपर्ने काम बाँकी रहेको र जाडो महिनामा कालोपत्रे गर्ने काम गर्न नमिल्ने भन्दै ठेकेदार आचार्यले बाहना बनाए । ३ हजार ४ सय मिटर बाटोमा ४ सेन्टिमिटरको पिच गर्न आचार्यले ठेक्का लिएका छन् ।

# अगुवाहरुको दुई दिने राष्ट्रिय सम्मेलन सम्पन्न

**बाँके/मस-** नेपालगन्जमा अगुवाहरुको दुई दिने राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। सम्मेलन सम्पन्नपछि पत्रकार सम्मेलन गर्दै किशोरहरुले स्वयं परिचालित भई एक वर्षको अवधिमा ३६ हजार भन्दा बढी महिला र किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी सन्देशहरु दिइएको बताइएको छ ।

आइपास नेपालले साझेदार संस्थाहरुसँग मिलेर पुस ४ र ५ गते दुई दिने राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो। नेपालका ८ वटा जिल्लामा जस्तै पाल्पा, रोल्पा, अर्घाखाँची, बाजुरा, अछाम, डोटी, कैलाली र डडेल्धुरा जिल्लामा संचालित छ। १ सय ५६ जना अगुवा महिला र किशोरीहरु परिचालन भई १ वर्षको अवधिमा ३६ हजार बढीलाई यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी जनचेतना फैलाइएको आइपास नेपालका राष्ट्रिय निर्देशक जगदिश्वर घिमिरेले पत्रकार सम्मेलनमा बताए ।

पत्रकार सम्मेलनमा सामुदायिक अगुवाले महिला र किशोरकिशोरीलाई स्थानीय सरकार र स्वास्थ्य संस्थाहरुमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी पैरवीका लागि खबरदारी गर्ने कार्य गरिएको छ । आइपास नेपालले सन् २००२ देखि नेपालमा सुरक्षित गर्भपतन तथा गर्भनिरोधका साधनहरुको पहुँच बढाउन नेपाल सरकारका विभिन्न निकायहरुको समन्वय र सहकार्यमा काम गर्दै आएको आइपास नेपालका कार्यक्रम विकास तथा सञ्चार विशेषज्ञ अमित तिमिल्सेनाले बताए ।

आइपास नेपालले साझेदार संस्थाहरुसँग मिलेर दुई दिने सम्मेलनको आयोजना गरेको हो । उक्त सम्मेलन समुदायमा आफैं बटेर महिला तथा किशोरीहरुले असुरक्षित गर्भपतनबाट धेरैलाई बचाएको सफलतालाई मनाउनका लागि आयोजित गरिएको हो । यो राष्ट्रिय सम्मेलनले लैङ्गिक हिंसाको विरुद्धको १६ दिने अभियान र अन्तर र्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर पनि यो सम्मेलनको आयोजना भएको हो । असुरक्षित गर्भपतनबाट धेरैको ज्यान बचाउने सफलता १ सय ५६ जना महिला र किशोरहरुले स्वयं परिचालित भई एक वर्षको अवधिमा ३६ हजार भन्दा बढी महिला र किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि सन्देशहरु पुर्‍याएर प्राप्त भएको हो ।

## व्यवसायी खड्काको निधन



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यावसायी डि.बी. (धन बहादुर) खड्काको निधन भएको छ । राजधानी इन्टरनेशनल प्रा.लि.का संचालक खड्काको बुधबार दिउँसो मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेण्टरमा निधन भएको हो । ५२ वर्षीय खड्का लामो समयदेखि कलेजोको समस्याबाट पीडित थिए । स्व. खड्काका श्रीमती, एक छोरी र एक छोरा छन् ।

## पहिलो ....

लागेको देखिन्छ । यद्यपि एमालेका नेताहरुले माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा) राप्रपा लगायतका दललाई मिलाएर सरकारमा जाने तयारी गरिरहेका छन् । तरपनि, अहिले गठबन्धनको दल नेपाली कांग्रेस पहिलो पार्टी बनेको र गठबन्धनलाई मिलाएर लैजाँदा सरकार गठन हुनेहुँदा देउवा प्रधानमन्त्री बन्ने सम्भावना भने उच्च देखिन्छ । गठबन्धनले सरकार बनाए केन्द्रदेखि प्रदेशतहका ३५ मुख्य र केही संवैधानिक पदहरुमा लाभ लिनसक्ने तर, एमाले पद बाहिर हुनाले सरकारमा जाने कसरतमा पनि देखिएको छ । तरपनि, हाललाई गठबन्धनको सरकार र देउवा प्रधानमन्त्री बन्ने सम्भावना उच्च देखिएको छ । प्रचण्ड आलोपालोमा सहमत भएमा देउवा पहिलो कार्यकाल र दोश्रो कार्यकालमा प्रचण्ड प्रधानमन्त्री हुनसक्ने कांग्रेसका नेताहरुको भनाई छ ।

## मातृभाषामा...

उर्दु, नेकपा माओवादी केन्द्रका हितबहादुर तामाङ र मिना तामाङ, सूर्यमान तामाङले तामाङ भाषामा शपथ लिन चाहेको निवेदन दिएका छन् ।

माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबाट संयुक्त रुपमा चुनाव लडेका महिन्द्र राय यादवले हिन्दी भाषामा र उमरावती देवी यादवले भोजपुरी भाषामा शपथ लिनेछन् । रौतहट निर्वाचन क्षेत्र नम्बर २ बाट स्वतन्त्र रुपमा निर्वाचित सांसद किरण कुमार साहले संस्कृत भाषामा शपथ लिनेछन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद असिम शाहले नेपाली भाषामा सपथ लिने गरी निवेदन दिएका छन् । इश्वरको ठाउँमा अल्लाह राख्ने गरि उनले सपथ लिने जनाइएको छ। रास्वपाकै सांसद लक्ष्मी तिवारीले अवधि, मनिष झाले मैथली, सुमना श्रेष्ठले नेपाल भाषामा शपथ लिनेछन् ।

जनमत पार्टीका सोनु मुर्मु सन्थाली भाषामा, जनमत पार्टीकै चन्द्रकान्त राउत, बिनिता कुमारी सिंह र अनिता देवीले मधेशी भाषामा शपथ लिने बताएका छन् । मधेशी भाषा भन्नाले मशेधमा बोलिने भाषा मध्ये जुनसुकै हुने उनीहरुको भनाइ छ ।

.बुधबार जेष्ठ सदस्य पशुपति शमशेर जबराले राष्ट्रपतिसँग शपथ लिए । बाँकीलाई उनै जबराले शपथ खुवाउनेछन् ।

## हारेर...

यो समूहले ३२ सांसद आफ्नो पक्षमा रहेको दावी गर्दै आएको थियो । थापाले भने देउवातर्फका सांसदहरुको समेत मत पाएर दलको नेता निर्वाचित हुने बताएका थिए । तर २५ मत मात्रै पाएपछि कतिपयले गगनलाई आफ्नै समूहका सांसदहरुले विश्वास नगरेको टिप्पणी भइरहेको छ । गणितका हिसाबले यस्तो टिप्पणी स्वभाविक देखिन्छ ।

तर महामन्त्री थापाले देउवाविरुद्ध चुनौती दिनुलाई चासोका साथ हेरिएको छ। कांग्रेसकै नेताहरुले गगनको उम्मेद्वारीलाई पुस्तान्तरणको संकेत भनेका छन् । ४६ वर्षीय थापाले ७८ वर्षका देउवालाई चुनौती दिएर कांग्रेसको भावी नेतृत्वमाथि बलियो दावी गरेको कांग्रेसका ती नेताहरु बताउँछन् ।

यसअघि पनि थापाले आफ्नो पुस्ताका नेताहरुलाई पछि पार्दै आएका थिए । ३१ वर्षकै उमेरमा गगन सभासद बनेका थिए । ०६२/०६३ सालको जनआन्दोलनबाट उदाएका थापा ०६४ को पहिलो संविधानसभामा सभासद थिए । ०६७ मा गगन पार्टीकै केन्द्रीय सदस्य भए । सर्वाधिक मत पाएर थापा केन्द्रीय सदस्य निर्वाचित भएका थिए ।

०७२ को १३औं महाधिवेशनमा गगन महामन्त्री पदकै उम्मेद्वार बने । त्यो चुनाव हारेपनि गत वर्ष सम्पन्न १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित भए । ०६४ सालदेखि लगातार सांसद रहेका थापाले यसपटक दलकै नेतामा चुनाव लडेपछि मुलुकको भावी प्रधानमन्त्रीको उम्मेद्वारका रुपमा हेरिएको छ । तर त्यसका निम्ति थापाले पुराना पुस्ताका नेताहरुले दिने चुनौती पार गर्नुपर्नेछ ।

## अभिमुखीकरण...

पारेमा अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ बमोजिम कारबाही हुने समेत चेतावनी दिएको छ । कार्यविधिले दिएको निर्देशन पालना नगरेमा वा बिना तालिम वैदेशिक रोजगारमा जाने कामदारलाई तालिमको प्रमाणपत्र दिए सचेत गराउने, ६ महिनाका लागि संस्थाले तालिम सञ्चालन गर्न नपाउने गरी निलम्बन गर्ने र अन्तिममा अनुमतिपत्र रद्ध गर्न सक्ने अधिकार विभागलाई दिएको विभागले बताएको छ ।

## वैदेशिक...

रहेका नेपालीले यही पुस २० गतेसम्म अधिकतम पाँच हजार कित्तासम्म शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् । कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई केयर रेटिङ्गस् नेपालले 'केयरएन्पी बीबी प्लस आईएस' प्रमाणपत्र प्रदान गरेको छ। कम्पनीले संखुवासभाको चैनपुर नगरपालिका-९ स्थित पिलुवा खोलामा 'पिलुवा खोला साना जलविद्युत् आयोजना' बाट २०६८ साउन १ गते देखि नौ सय ९० किलोवाट क्षमतामा विद्युत् उत्पादन गरिरहेको छ ।

कसरी दिने आवेदन ?

वैदेशिक रोजगारिमा रहेका नेपालीले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट 'सि आस्वा' प्रणालीमार्फत तथा 'मेरो शेयर'मार्फत शेयर खदिरको आवेदन दिन सकिन्छ ।

विदेशमा रोजगारी गरिरहेका नेपालीले विप्रेषण (रेमिट्यान्स)बचत खाता खोली त्यसमा दर्ता गरिएको सिआरएन नम्बर उल्लेख गरेर अनलाइनमार्फत 'मेरो शेयर' प्रयोग गरी शेयर खरिद आवेदन दिन सकिने सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले जनाएको छ । त्यसमा आफ्नो रेमिट्यान्स बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा रु ५० हजार आफू रोजगारमा रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने अथवा सार्वजनिक निष्काशनको अन्तिम मितिभित्र रोजगारमा रहेको देशबाट रकम जम्मा गरी आवेदन दिन सकिने व्यवस्था गरेको धितोपत्र बोर्डले जनाएको छ ।

## शोभराजलाई ...

न्यायाधीशहरू सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको इजलासले बुधबार सरकारको नाममा आदेश जारी गर्दै १५ दिनभित्र स्वदेश फर्काउन भनेको हो ।

शोभराजमाथि २०३२ सालमा भक्तपुरमा अमेरिकी नागरिक कोन्नी जो ब्रोन्चीच र क्यानडिन नागरिक क्यारियरे लरेन्टको हत्या गरेको अभियोग लागेको थियो । ती दुई विदेशीको हत्यामा दोषी ठहर गर्दै भक्तपुर जिल्ला अदालतले शोभराजलाई सर्वस्वसहित जन्मकैद सजाय सुनाएको थियो। तर, त्यसबेला उनी पकाउ पर्न सकेका थिएनन् । तर, उनी विरुद्धको मुद्दा भने निरन्तर चिलरह्यो । सर्वोच्च अदालतले नै १४ साउन २०६७ मा भक्तपुर जिल्ला अदालतको फैसला सदर गरेको थियो ।

शोभराज २०६० सालमा नेपाल आएका थिए । त्यही बेला उनी पकाउ परेका हुन् । ३२ वर्ष पहिलेको हत्या अभियोगमा पकाउ परेका शोभराजलाई १९ वर्ष जेल बसिसकेको अवस्थामा थुनामुक्त गर्न र १५ दिनभित्र स्वदेश फर्काउने आदेश भएको हो । नियमित रुपमा उनले कैद भुक्तान गर्न २०८० असाज १ सम्म कसनर्स पर्ने थियो । तर, शोभराजले जेष्ठ नागरिकले पाउने कैद छुटको सुविधा पाउनुपर्ने माग गर्दै आएका थिए । जेष्ठ नागरिकले पाउने कैद छुटको सुविधाका लागि उनले बारम्बार सर्वोच्च अदालतमा रिट दायर गर्दै आएका थिए । त्यही रिटका आधारमा समेत सर्वोच्चबाट बुधबार आदेश भएको हो ।

प्रचलित ऐनले पनि जेष्ठ नागरिकलाई कैद छुटको सुविधा दिएको छ । कारागार नियमावली, २०२० अनुसार ६५ वर्ष उमेर पुगेका कैदीलाई असल चालचलनको आधारमा वा निको नहुने रोग लागेको अवस्थामा ७५ प्रतिशतसम्म कैद छोट्याउन सक्ने भनेको छ । यही सुविधाको व्याख्या गर्दै सर्वोच्च अदालतले अहिले १९ वर्ष (९५ प्रतिशत) कैद भुक्तान गरिसकेका शोभराजलाई पनि थुनामुक्त गर्न आदेश दिएको हो ।

**शैलुङ्ग पावर कम्पनी लिमिटेड**
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३१, काठमाडौं
फोन नं. ०१४४४४९४७, ईमेल: shailunhgpower2021@gmail.com

**साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित २०७९/०९/०७

श्री शेयरधनी महानुभावज्यूहरु,
यस शैलुङ्ग पावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७९ पौष ४ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०७९ साल पौष २७ गते (तदनुसार सन् ११ जनवरी २०२३) आइतबार ।
समय : विहान ११:०० बजे ।
सभा हुने स्थान : कम्पनीको रजिष्टर कार्यालय, का.म.न.पा. वडा नं. ३१, काठमाडौं ।
छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः

(क) प्रस्तावहरु :
१. लेखा परिक्षण नियुक्ति गर्ने सम्बन्धमा ।
२. लेखा परिक्षण प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
३. लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. संचालक समिति परिवर्तन गर्ने सम्बन्धमा ।
५. विविध सम्बन्धमा

संचालक समितिको आज्ञाले
यादव न्यौपाने
(कम्पनी सचिव)

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: JAMAL TRADING CO.WLL — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ चलानी नं.: ६०१८६५२० LT. No.:270294 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 29 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 30 | 0 | | 120 | ४९,३७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ७९०/०६५/०६६
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ४३८३९२३, ४३८६९९७, ५९०६९२३
Email : protechnepalemps@gmail.com

**मलेशियामा शुन्य लागतमा रोजगार**

१. कम्पनी: TROCELLEN S.E.A SDN. BHD — शहर: Selangor
पूर्व स्वीकृत मितिः २०७९/०१/११ चलानी नं.: ६०१७८४३४ LT. No.:262194 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 19 | 0 | स. काममा दक्ष | 1200 | ३३,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

**साउदीमा रोजगारको अवसर** | कम्पनी: SODFA CAFE TO SERVE DRINKS — शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०२१/०८/२० चलानी नं.: ६०१६१७५६ L.T. No.: 244143 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १४ गते (29 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**साउदीमा रोजगार** | कम्पनी : MOHAMMAD HAMAD AL BALAWI — शहर: Tabuk
पूर्व स्वीकृत मितिः २०७९/०८/१३ चलानी नं.: ६०१९२३०८ L.T. No.:276705 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

# काठमाडौं उपत्यकामा बढ्दो आपराधिक घटना

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ६ पुस




काठमाडौं तारकेश्वर नगरपालिका-६ पुशल बस्ने ९० वर्षीया डिल्ली पुतुवारको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३९ वर्षीय नरेन्द्र शिवभक्तिलाई प्रहरीले हालै पक्राउ गर्‍यो ।

सोही नगरपालिका-३ पारीवनपाखा सामुदायिक वनको खोल्सामा मंसिर २२ गते डिल्ली पुतुवारको शंकास्पद अवस्थामा शव फेला परेको घटनाको अनुसन्धानको क्रममा नरेन्द्रको संलग्नता देखिएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । राहत दिइरहेको ठाउँ चिसापानी चप्पल कारखानातर्फ लैजाने क्रममा नरेन्द्रले महिलाको साथमा रहेको पैसा लिने मनसायले उनलाई ढुंगाले हिर्काई हत्या गरेर साथमा रहेको करिब ५० हजार रुपैयाँ नगद लिएर शव खोल्सामा लुकाई घर फर्किएका थिए ।

भक्तपुरमा १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा सूर्यविनायक नगरपालिका-४ मोर्डन चोक बस्ने सर्लाही हरिपुर नगरपालिका-६ घर भएका २९ वर्षीय महमद आरिफ शेखलाई यहि पुस ४ गते प्रहरीले पक्राउ गर्‍यो ।

ती किशोरीलाई शेखले सूर्यविनायक नगरपालिका-४ मोर्डन चोकमा लगेर पुस ३ गते राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यी त केहि प्रतिनिधि घटनाहरु मात्र हुन् । तर पछिल्लो समय काठमाडौं उपत्यकामा आपराधिक घटनाहरु बढ्दै गएको पाइएको छ । नेपाल प्रहरीको तथ्यांक अनुसार काठमाडौं उपत्यकामा गएकावे मंसिर महिनामा १ हजार ४० आपराधिक घटनाहरु घटेका छन् । जसमध्ये ४ सय ९१ वटा बैंकिङ कसुरका मुद्दा रहेका छन् । सामाजिक अपराध अन्तर्गत १ सय ९८ घटना घटेको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता सिताराम रिजालले मध्यान्हलाई जानकारी दिए । रिजालका अनुसार ८३ वटा ज्यान सम्बन्धी घटना रहेका छन् भने चोरी सम्बन्धी अपराधका घटना ६७ रहेका छन् । यसैगरी संगठित तथा आर्थिक अपराधका घटनाहरु ५४ रहेको उनले जानकारी दिए । आत्महत्या सम्बन्धी घटनाहरु ३६ वटा रहेको रिजालले बताए ।

मंसिर महिनाकै तथ्याङ्कअनुसार महिला तथा बालबालिका सम्बन्धी अपराधअन्तर्गत घटेका घटनाहरु ३२ वटा रहेको रिजालले जानकारी गराए । उनका अनुसार सवारी सम्बन्धी घटनाहरु सबैभन्दा कम २५ घटेको छ ।

सामाजिक अपराधका घटनाहरुमध्ये अभद्र व्यवहार सम्बन्धी कसुरका मुद्दा १ सय ६८ रहेको रिजालको भनाइ छ । सोहीअन्तर्गतको घटनामा कुटपिट गरी अंगभङ्ग गरेको घटना १ र आपराधिक उपद्र गर्न नहुने घटना पनि १ रहेको उनले जानकारी दिए ।

त्यसैगरी ज्यान सम्बन्धिका घटनामध्ये भवितव्यमा ५८ वटा, फुटकरमा ८, ज्यान मार्ने उद्योगमा ७, ज्यान सम्बन्धी कसुरमा ६ र ज्यान सम्बन्धी कसुरका ४ वटा घटना घटेको रिजालले बताए ।

चोरी सम्बन्धी अपराधअन्तर्गत साधारण चोरीका मुद्दा २६, डाँका चोरीमा ६, सवारी चोरीमा ४, चोरी उद्योगमा १ रहेको उनले जानकारी गराए ।

संगठित तथा आर्थिक अपराधका घटनाहरुमध्ये ठगी, विश्वासघात तथा आपराधिक लाभका घटनाहरु पच्चिस, लागूऔषधमा अठार, जुवामा पाँच, सट्टेवाजि कसुरको मुद्दा चार, लिखत कसुर एक, हातहतियार सम्बन्धी मुद्दा एक रहेको उनले बताए ।

त्यसैगरी आत्महत्याको घटनाअन्तर्गत झुन्डिएर आत्महत्या गर्नेहरु २७, विष खानेहरु ७ र आत्महत्याको दुरुत्साहन गर्नेमा २ जना रहेको रिजालले बताए ।

महिला तथा बालबालिका सम्बन्धी अपराधअन्तर्गत घटेका घटनाहरुमा जबरजस्ती करणीको मुद्दा १९, बहुविवाहको मुद्दा ८, बालयौन दुरुपयोग गरेको २, मानव बेचविखन ओसार पसार गरेको मुद्दा १, जबरजस्ती करणी उद्योग १ र बालबालिकाविरुद्ध कसुरको घटना १ रहेको उनले जानकारी गराए ।

यसरी निरन्तर घटिरहेका घटनाहरु न्यूनीकरणका लागि उपत्यकामा २३ देखि २४ सयसम्म प्रहरी खटाइएको रिजालले बताए । साथै उपत्यकामा सोहीअन्तर्गतका सचेतना कार्यक्रमहरु पनि आयोजना गर्दै आइरहेको प्रवक्ता रिजालको भनाइ छ ।

# विद्यालयमा छाना कमजोर हालेको भन्दै अख्तियारमा उजुरी

काठमाडौं / मस – भ्रष्टाचारविरुद्ध नागरिक निगरानी संस्थाले विद्यालयको छानामा कमजोर सामग्री प्रयोग गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेको छ । बागलुङ नगरपालिका-७ को गौरीशंकर प्राविमा छाना छाउने क्रममा कमजोर गुणस्तरको सामग्री प्रयोग भएको तथ्य विद्यालय व्यवस्थापन समिति र सरोकारवाला संघसंस्थाले गरेको अनुगमनबाट पत्ता लागेको बताइएको छ । यसपछि सो संस्था र स्थानीयवासीले अखितयारमा उजुरी गरेका हुन् । भवन निर्माणमा लगानी गरेको संस्थाका प्रमुख मतिलाल चपाई र निर्माण सामग्री सप्लायर्स गर्ने लुम्बिनी इन्जिनियरिङ वर्कसपविरुद्ध उजुरी गरिएको संस्थाका अध्यक्ष तथा राष्ट्रिय उपभोक्ता मञ्च बागलुङका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

उजुरी दर्ता गर्दा श्रेष्ठले छानामा परेको प्वाल, सोसम्बन्धी सञ्चारमाध्यममा प्रकाशित समाचार कपी र अन्य कागजातसमेत संलग्न गरेका छन् । गत साउनमा 'उक्त विद्यालयमा भ्वाङ' परेको समाचार प्रकाशित थियो । यो भवन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको शिक्षा शाखाले बनाएको हो । यो भवनमा युपिभिसी जस्तापाताले छाना छाइएको छ । छानामा प्वालैप्वाल परेकाले विद्यार्थी राखेर पढाउनसमेत नसकी बर्सातमा बालबालिकालाई एकै स्थानमा दुई/दुईवटा कक्षा सञ्चालन गर्नुपरेको थियो ।

सप्लायर्स कम्पनीले गुणस्तरहीन सामग्री प्रयोग गरेको आरोप लगाइएको छ । उजुरीमा शिक्षा शाखाका तत्कालीन प्रमुख मतिलाल चपाई र सप्लायर्स कम्पनी लुम्बिनी इन्जिनियरिङ वर्कसलाई प्रतिवादी बनाइएको हो । विद्यालय व्यवस्थापन समितिलाई दबाबमा पारेर आयोजना र कम्पनीले गुणस्तरहीन सामग्री प्रयोग गरेका थिए । विद्यालयको दुईकोठे भवनको छानामा गुणस्तरहीन जस्तापाता प्रयोग गर्दा सयौं भ्वाङ परेको थियो । विद्यालयको छानामा सयौं प्वालहरू परेको अनुगमनबाट पनि पुष्टि भएको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले बताए । विद्यालयमा बिजोग भएको देखेपछि मर्मतका लागि नगरपालिकाले सहयोग गर्ने तयारी भएको सापकोटाले जानकारी दिए ।

असिना पर्दा गत वर्षको चैतवैशाखमा यो विद्यालयमा भ्वाङ परेको वडा अध्यक्ष मेघनाथ गैरेले बताए । पानी पर्दासमेत ती भ्वाङ थपिँदै गएको स्थानीयले बताए । भवनमा प्वाल परेपछि वडाअध्यक्ष गैरेले विद्यालयको अवस्था अनुगमन गरेर पुनर्निर्माण गर्न नगरपालिकामा बजेट माग गरेको बताए । पुनर्निर्माण प्राधिकरणमार्फत जिल्लामा पुनर्निर्माण गरिएका विद्यालयको परियोजना हेर्ने शिक्षा शाखाका तत्कालीन प्रमुख मतिलाल चपाई र सब इन्जिनियर नजाम उद्दिनले लुम्बिनी इन्जिनियरिङ वर्कशपबाट सामान ल्याउन दबाब दिएपछि गुणस्तरहीन सामान आएको बताइएको छ । सोही दबाबकै कारण बागलुङका सप्लायर्सले सात लाखमा सामान विद्यालयमै लगिदिने भन्दाभन्दै विद्यालयले बुटवलस्थित लुम्बिनी इन्जिनियरिङ वर्कशपबाट रु १० लाख ५० हजारमा सामान ल्याउन बाध्य बनाएको उजुरीमा उल्लेख छ । विद्यालयकी प्रअ सरिता गौतमले पनि दबाबका कारण उनीहरूले भनेको सप्लायर्सबाट सामान ल्याउन बाध्य भएको बताए ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०९/१६ मा दर्ता भएको प्रा.लि. नं. ७८९७८ सुआम ट्रेड लिंक प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७९।०९।०६ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# १२ लाख रुपैयाँ बराबरको सामग्री सहयोग

**पवन जायसवाल / मध्यान्ह**
बाँके, ६ पुस




बाँकेको नेपालगन्जमा रहेको टिबी नेपाललाई विराट नेपाल मेडिकल ट्रष्टले १२ लाख रुपैयाँ बराबरको सामग्रीहरु सहयोग गरेको छ ।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.-४ सल्यानी बागस्थित टिबी नेपालले सञ्चालन गर्दै आई रहेको डीआरटीबी होस्टेलमा रहेका क्षयरोगका बिरामीहरुका लागि विभिन्न सामग्री सहयोग प्रदान गरिएको हो ।

लुम्बिनी प्रदेशका स्वास्थ्य निर्देशक विनोद गिरी, लुम्बिनी प्रदेशका स्वास्थ्य प्रयोगशाला निर्देशक रोशनलाल चौधरी, नेपालगञ्ज उप-महानगरपालिका वडा नं.४ का वडाध्यक्ष गोपाल पुन, विराट नेपाल मेडिकल ट्रष्टका क्षेत्रीय प्रबन्धक गंगाराम बुढाथोकी, स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन मान बहादुर नेपाली लगायतले टिबी नेपालका अध्यक्ष लक्ष्मण रेग्मीलाई क्षयरोगका बिरामीका लागि सो सामग्री हस्तान्तरण गरेका छन् ।

२० थान लोबेड, २० थान बेड लकर टेबल, २० थान म्याट्रो, २० थान सिरानी, २० थान झुल, २० थान ब्लान्केट, सय थान ज्याकेट, सय थान टोपी, २० थान हटब्याग, ८० थान पोला ब्लान्केट, कार्पेट, पानी पिउनका लागी शुद्ध खानेपानीका वाटर प्युरीफिकेशन जडान पनि गरिएको विराट नेपाल मेडिकल ट्रष्टका क्षेत्रीय प्रबन्धक गंगाराम बुढाथोकीले बताए । नेपालगन्जको सल्यानी बागस्थित टिबी नेपालले सञ्चालन गरेको डीआरटीबी होस्टेलमा ३१ जना क्षयरोगका विरामी भर्ना रहेका छन् भने १४ जना क्षयरोगका बिरामीहरु नियमित रहेका छन् । सो कार्यक्रममा टिबी नेपालमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**समुह बाहिर काठ दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०९/०७

यस समूहको वनबाट आव ०७८/०७९ मा उत्पादन भइ विभिन्न लट बनाइ राखिएको साल ५४ थानको ६४३.४४ क्यूफिट काठ र असना थान १० को १४९.३२ क्यूफिट गरि कुल ६४ थानको ७९२.७६ क्यूफिट काठ र दाउरा ०.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम विक्री गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचीकृत भएको इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सावउसको सूचना पाटीमा लगाएत जिल्ला स्थित बिभिन्न कार्यालयहरुमा टास गरिएको छ ।

**ध्रुवतारा सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाइ न.पा.-१, सिन्धुली**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६४/०३/१८ मा दर्ता भएको प्रा.लि. नं. ४६६५५ को **ज्ञान कम्प्युटर एजुकेशन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**नाम परिवर्तन गरिएको सूचना**

तेस्रो प्रकाशित मिति २०७९/०९/०७

मिति २०७९।०८।११ मा सम्पन्न विशेष साधारणसभा तथा २०७९।०८।२० को सम्पन्न कम्पनी रजिष्ट्रारको निर्णय अनुसार यस **धनदिप ट्रेडर्स प्रा.लि.**को नाम परिवर्तन गरी **ब्लिङ्स मेकअप स्टुडिओ एण्ड एकेडेमी प्रा.लि.** हुने निर्णय भएको हुदाँ यस साविक कम्पनीको नाममा रहेको चल, अचल सम्पतिहरु तथा तिर्नु व्यहोंनु पर्ने कर दायित्वहरु परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**संचालक**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/०७**

**तारकेश्वर भेट एण्ड डग केयर सेन्टर तथा विउ विजन पसल प्रा.लि.** को मिति २०७९/०८/२७ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लिखु एग्रोभेट सर्भिस सेन्टर प्रा.लि. (प्रा.लि.नं.: २५१४९५)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Province Government**
**Ministry of Physical Infrastructure, Urban Development and Transport Management**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Lamjung, Gandaki Province, Nepal**

## Notice for the Letter of Intent

**(Publication Date: 22th of December, 2022)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification no. mentioned below as per the Invitation for Bids published in "Prabhab Times" newspaper on 8th of November, 2022 that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract ID No. | Name of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including PS and VAT) |
|---|---|---|---|
| Construction/Upgrading Harrabot Rainaskot Bichour Kunaghat Sadak | IDO/LAMJUNG/ NCB/W/01/079-080 | M/S Moti Construction, Besisahar-1, Lamjung | 42,26,796.96 |
| Construction/Upgrading Adheri Khola Tin Mukhe Galli Naghdada Marga Sundarbazar 9 | IDO/LAMJUNG/ NCB/W/02/079-080 | M/S Moti Construction, Besisahar-1, Lamjung | 23,68,969.75 |
| Construction/Upgrading Satrasaya-Duradada-Puranokot-Bakhrejagat Road | IDO/LAMJUNG/ NCB/W/03/079-080 | M/S Bhimkali Construction Company, Kathmandu | 25,22,035.15 |
| Construction/Upgrading of Beteyani Jhimudanda Road | IDO/LAMJUNG/ NCB/W/04/079-080 | M/S Ghanpokhara Nirman Sewa, Ghanpokhara,Lamjung | 18,41,214.48 |
| Construction/Upgrading of Karaputar Nalma Bhakrejagat road | IDO/LAMJUNG/ NCB/W/05/079-080 | M/S Kalika Nirman Sewa and Suppliers, Lamjung | 23,97,124.38 |
| Construction/Upgrading of Shlamebhanjyang Maling Kapur gaun sadak | IDO/LAMJUNG/ NCB/W/06/079-080 | M/S Kalika Nirman Sewa and Suppliers, Lamjung | 24,54,319.33 |

## Belauri Municipality
## Office Of The Municipal Executive

**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/W/079/080-05**
**Date of publication: 22-12-2022 10:00 (2079 Poush- 07 )**

1. Belauri Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Construction of Black Top Road and Upgrading Works at Ward No.1 and Ward No.2 Belauri under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 4187674.61 (Inclusive of VAT & PS)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ( Rs 3000 ) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank: Rastriya Banijya Bank** **Name of Office: Belauri Municipality**
**Office Code no. :801077604** **Office Account no.: 4390100301010002**
**Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)**

4. Pre-bid meeting shall be held at Belauri Municipality Kanchanpur at 13th January 2023 14:00.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 18th January 2023(4th Magh 2079) ]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [14:00 pm 23rd January 2023 (9th Magh 2079) ] at the office of Belauri Municipality .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 103000 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
७ पुस २०७९, बिहीबार
22 December 2022, Thursday

सम्पादकीय

## गगनले दिएको सन्देश

नेपालको पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसको संसदीय दलमा पार्टी सभापति शेरबहादुर देउवा निर्वाचित भएका छन् । बुधबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा भएको मतदानमा महामन्त्री गगन थापालाई फराकिलो अन्तरले पराजित गर्दै सभापति देउवा दलको नेता निर्वाचित भएका हुन् । प्रधानमन्त्री रहेका देउवाले ६४ मत पाएर दलको नेता निर्वाचित हुँदा महामन्त्री थापाले २५ मत मात्रै पाएका छन् । महामन्त्री थापा संस्थापन इतर समूहका तर्फबाट उम्मेद्वार बनेका थिए । डा.शेखर कोइरालाले समेत समर्थन गरेपछि उम्मेद्वार बनेका थापाले आफ्नै समूहको पनि मत पाउन सकेनन् । यो समूहले ३२ सांसद आफ्नो पक्षमा रहेको दावी गरेको थियो । ३२ जनामा अझै थप मत पाउने महामन्त्री थापाले दावी गरेका थिए ।

दलको नेता चयनसँगै अब देउवालाई छैटौं पटक प्रधानमन्त्री बन्ने बाटो खुलेको छ । ०७४ को चुनावपछि पनि देउवा दलको नेता चुनिएका थिए । त्यसबेला पूर्वमहामन्त्री प्रकाशमान सिंहले देउवालाई चुनौती दिएका थिए । तर फराकिलो अन्तरले सिंहलाई पराजित गर्दै दलको नेता चयन भएका सभापति देउवा गएको वर्ष २९ असारमा पाँचौ पटक प्रधानमन्त्री भएका छन् । ४ मंसिरको चुनावपछि भने महामन्त्री थापाले सभापति देउवाविरूद्ध दलको नेता निर्वाचित भएर प्रधानमन्त्री बन्ने सार्वजनिक अभिव्यक्ति दिदै आएका थिए । नभन्दै ४६ वर्षीय थापा आफ्नो समूहबाट सर्वसहमत उम्मेद्वार बने र चुनाव लडे । थापाले चुनाव नजित्ने पहिले नै पक्का थियो । किनकि धेरै सांसद सभापति देउवा निकट थिए । परिणाम पनि अपेक्षित नै आएको छ ।

कतिपयले भने महामन्त्री थापाले आफ्नै गुटको मत नपाउनुलाई महत्वका साथ लिएको पाइन्छ । सँगै, अर्को चर्चा पनि भइरहेको छ । त्यो भनेको ७८ वर्षका देउवालाई गगनले चुनौती दिनु आफैमा पुस्तान्तरणको थालनि हो । त्यो थालनिले २०६३ सालको दोस्रो जनआन्दोलनबाट उदाएको पुस्ता अब मुलुककै नेतृत्व गर्न तयार भएको सन्देश हो । अझ कांग्रेसजस्तो पुरानो र प्रमुख दलमा संस्थागत रूपमै उम्मेद्वार बन्ने परिस्थिति बन्नु अर्थपूर्ण छ । किनकि अहिलेपनि पञ्चायतविरूद्ध लडेका बयोबृद्ध अवस्थाकै नेताहरूले मुलुकको नेतृत्व गर्दै आएका छन् । यस्तो प्रवृत्तिविरूद्ध जबर्जस्त जनमत तयार भइरहेका बेला गगनको उम्मेद्वारी आशा जगाएको छ, भलै उनी पराजित भएका छन् । तर यो तेस्रो पुस्ता चुनौती रहित नभएको अर्थका रूपमा गगनले आफ्नै गुटका पनि सबै मत नपाउनुको सन्देश हो ।

# राजनीतिमा नेतृत्व विकासको प्रश्न

*नेता अविछिन्न अध्येता र अन्वेषक हुन्छ, जसले गर्दा गाउँ समाजदेखि देश दुनियाँमा के भइरहेछ ? के हुनु आवश्यक छ ? उसलाई जानकारी हुन्छ र हुनुपर्छ । यो कार्य बिना पूर्वाग्रह र पूर्ण लगनका साथ सम्पन्न गर्न सक्नु दायित्व, क्षमता र आचरणको विषय हो ।*

अग्रलेख



● लेखराज रेग्मी

राजनीतिमा नेतृत्व विकासको विषय सबैभन्दा महत्वपूर्ण मानिन्छ । तथापी, नेतृत्व विकास चाहेर मात्रै हुने विषय भने होइन । यसका लागि केही मापदण्डहरु पुरा गर्नुपर्ने हुन्छ । नेता अविछिन्न अध्येता र अन्वेषक हुन्छ, जसले गर्दा गाउँ समाजदेखि देश दुनियाँमा के भइरहेछ ? के हुनु आवश्यक छ ? उसलाई जानकारी हुन्छ र हुनुपर्छ । यो कार्य बिना पूर्वाग्रह र पूर्ण लगनका साथ सम्पन्न गर्न सक्नु दायित्व क्षमता र आचरणको विषय हो । तर, आजकल एउटा मिथक बनिरहेको के छ भने अयोग्य, असक्षम र अकुशल छ भनेपनि उसैलाई सर्वज्ञ मानिदिनुपर्छ । यो हाम्रो प्रजातान्त्रिक अभ्यासमा राजा रजौटाहरुलाई पती, मालिक र देवावतार सिद्ध गरेर उसको शक्ति (सम्प्रभुता) प्रयोग गर्ने हुक्के बैठकहरुको संस्कार संस्कृतिको अवशेषको रूपमा स्थानान्तर भएर आएको छ र यो आजको राजनीतिक आचरणको आवश्यकतासँग मात्र होइन सामन्ती सफल साम्राज्यका संस्थापकहरुको आचरणसँग पनि मेल खाँदैन र सत्ता अभ्यासका शास्त्रीय मान्यताहरुको (सामन्तकालिन, बुर्जुवा या समाजवादी) समेत बिपरित छ ।

नेतृत्व भनेको पथ प्रदर्शक हो । पछिल्ला अभ्यासमा प्राधिकार प्राप्त व्यक्ति नेता हो, अगुवा हो भनिन्छ । उसले सबैको सुन्छ र सबैको प्रतिनिधित्व गर्दै बोल्छ अर्थात् जब उ बोल्छ पत्थरका लकिर बन्छ । लेनिन जब मजदुरहरुको बिचमा बोल्नुहुन्थ्यो सबै मजदुरहरुले आफ्नै आवाज सुनिरहेका हुन्थे । जब माओ बोल्नुहुन्थ्यो करोडौं चिनियाँ किसान मजदुरहरु आफ्नै आवाज महसुस गर्थे । लाखौं कार्यकर्तालाई लाग्थ्यो, मैले जे महसुस गरिरहेको छु मैले भन्दा सुन्दर ढंगले त्यही कुरा राखिएको छ । रूपचन्द्रले आफ्ना प्यारा मतदातालाई जब उनका कमी कमजोरी गनाउथे सबैका हिसाब किताब मिल्न जान्थे । सबैको चित्त प्रशन्न हुन्थ्यो । पूर्वी तराईका सबै सिमान्तकृतहरु जयगोविन्द शाह र सूर्यनाथ यादवलाई यसरी नै हेर्थे । नायणमान बिजुक्षेलाई सबैले ताछ्दा पनि उनका उम्मेदवारले जितेका ठाउँमा बाँकी सबैका जमानत जफत गरिएका छन् ।

जनभावनाको प्रतिनिधित्व मात्रै होइन, जनतामा एकता र गलत कुराको विरोध गर्ने क्षमताको विकास र त्यसको अगुवाईसँगै राजनैतिक तथा वैचारिक सवालमा पार्टीभित्र समान समझदारी तथा समान स्प्रीटको अगुवाई गर्ने क्षमताको अभ्यासबाट व्यक्ति संगठन र जनता माझ प्राधिकार प्राप्त गर्न सक्छ । प्राधिकार प्राप्त हुनु लोकतान्त्रिक ढंगले केन्द्रीयता स्थापित हुनु हो । नेपाली कांग्रेसमा विश्वेश्वर तथा चौथो महाधिवेशन पूर्व पुष्पलालले एकस्तरको प्राधिकार अभ्यास गरेका थिए । जनयुद्धको सीमाभित्र 'प्रचण्ड पथ'को घोषणाले प्राधिकारका नजिक पुगेको आभाष दिए पनि समग्र आन्दोलनको आधारमा प्रधिकार प्राप्त हुन नसकेको बुझिन्छ ।

हामी यसरी अफ्नो कार्यक्षेत्रमा विश्वास र प्रतिबद्धता आर्जन गर्ने अभ्यास कति गरिरहेका छौं भन्ने प्रश्नको जवाफ नै हामी कति नेता बन्न सक्यौं भन्ने मापदण्ड बन्दछ । प्राबिधिक ढंगले शक्ति हत्याउनेहरुको पतन अत्यन्त निम्न स्तरमा हुने गरेको इतिहास छ । विचार दृष्टिकोण आचरण र अभ्यासको बलमा जनता कार्यकर्ताको मन र मत पाउनु नेता बन्ने शुभ लक्षण मानिन्छ ।

नेता बन्न केही कुराको भने कुशलता चाहिन्छ । नेता कुशल संगठक बन्नु पनि हो । सबै प्रकृतिका सबै स्तरका मातहत कमिटीहरुको कुशलतापूर्वक संगठन बनाउनु भनेको कुनैपनि व्यक्ति नेतृत्वको नजरभन्दा बाहिर नरहनु हो । प्रत्येकको योज्ञता र क्षमताको पूर्ण सदुपयोग हुनु र प्रत्येक सदस्यको कार्यबिन्यास ठिक ढंगले मिल्नु नेतृत्वको सफलता मानिन्छ । खुला र पारदर्शी ढंगले व्यवस्थापन मात्र होइन संगठन र समर्थन



*कुशल परिचालक बन्न सकिएन भने नेता बन्न र बनिरहन असम्भव छ । विचार छ, प्रतिबद्धता छ, जनशक्ति प्राप्त छ तर, कुशलतापूर्वक परिचालन गर्न सकिएन भने शक्तिमा रूपान्तरण हुँदैन । पुलले उम्मेदवार हुने तर, चुनाव हार्ने सबैले व्यक्तिलाई स्वीकार गर्ने तर, सधैं भूमिका कमजोर भइरहने मुख्य कारण शक्तिको विश्वास र परिचालनमा कमजोर हुनु नै हो ।*

नै नभएको नयाँ क्षेत्रमा पनि संगठन र आन्दोलनको कामको सही ढंगले बिन्यास गर्नु र प्रत्येक व्यक्ति अपरिचालि नरहने स्थिति बनाउनु कुशल संगठकको काम हो र नेता बन्नु भनेको कुशल संगठक बन्नु पनि हो ।

नेता कुशल प्रचारक बन्न आवश्यक छ । जसले वर्गीय पक्षधरताको सवालहरु, आधिकारिक नीति कार्यक्रमहरु, लक्ष्य उद्येश्य र प्राप्तिको मार्ग तथा भैरहेका समस्या र निदानका प्रयासबारे जनता कार्यकर्तासम्म सही सुचना प्रसारण गर्न सक्नुपर्छ । विषय र कार्य योजना प्रचार गर्ने र स्थापित गर्ने कार्यको योजना र कार्यान्वयन बारेमा क्षमता विकास गर्नुपर्छ । यदि त्यसो नभएमा उसले प्राबिधिकरूपमा पद त पाउला तर, उसको नेतृत्व स्थापित हुन सक्दैन ।

कुशल परिचालक बन्न सकिएन भने नेता बन्न र बनिरहन असम्भव छ । विचार छ, प्रतिबद्धता छ, जनशक्ति प्राप्त छ तर, कुशलतापूर्वक परिचालन गर्न सकिएन भने शक्तिमा रूपान्तरण हुँदैन । पुलले उम्मेदवार हुने तर, चुनाव हार्ने सबैले व्यक्तिलाई स्वीकार गर्ने तर, सधैं भूमिका कमजोर भइरहने मुख्य कारण शक्तिको विश्वास र परिचालनमा कमजोर हुनु नै हो । आन्दोलनको नारा लोकप्रिय हुने जनसमर्थन देखिने तर, आन्दोलनबाट प्रतिफल प्राप्त हुन नसक्ने किन हुन्छ भनेर खोज्यौं भने हामीले परिचालन क्षमताको कमी भेटाउछौं । यसरी नेतृत्व स्थापित हुन परिचालन क्षमता एउटा महत्वपूर्ण मानक हो ।

नेता बन्नु भनेको कुशल प्रशिक्षक बन्नु पनि हो । यसले ज्ञानको स्तरसँगै प्रस्तुतिकरणको कौशल क्षमता र योग्यताको पनि माग गर्छ । जब हामी कुनै पनि विषयलाई ठिक ढंगले बुझाउन सक्दैनौं, कार्यान्वयनमा असफलताको ९० प्रतिशत सम्भावनाको बिचमा हुन्छौं । त्यसैले नेतृत्व गर्नु भनेको विषय र योजनाबारे वस्तुस्थिति र चुनौतिबारे ठिक ढंगले बुझानु त पूर्वसर्त नै हो ।

कुशल वक्ता प्रवक्ता वा पैरवीकर्ता बन्नसकिएन भने बिषय नारा एजेण्डा वा योजनालाई स्थापित गर्न सकिँदैन । यो भनेको खुला र सार्वजनिक प्रतिष्पर्धामा अब्बल बन्नु नै हो । ठिक ढंगले विषय प्रस्तुत गर्न सकिएन भने आन्दोलन र संगठनलाई स्थापित गर्ने प्रतिष्पर्धामा पछि परिन्छ । नेतृत्वसँग यो क्षमता रहेन भने दोस्रो व्यक्तिको सहयोगले नेतृत्व स्थापित हुने सम्भावना पनि रहँदैन । त्यसैले कमजोर व्यक्ति जब नेतृत्वमा पुग्छ, उसले क्षमतावान व्यक्ति प्रतिष्पर्धामा आउन रोक्न थाल्छ र संगठनको अधारमा नै आघात पर्न थाल्छ । यसैकारणले नेतृत्व गर्ने व्यक्ति स्वयम् सक्षम रहनु आवश्यक छ ।

आज आलोपालो, प्राबिधिक बहुमत वा कोटा प्रणालीमा नेताको पदमा व्यक्तिहरु पुग्नु आन्दोलनको लागि प्रत्योत्पादक भएका छन् । समावेशीकरणको कुरा जायज छ तर, समावेशी नेतृत्वको प्राबिधिक चुनाव समस्याको निदान होइन । सबै समावेशी क्लष्टरहरुमा सक्षम र योग्य नेतृत्वको उत्पादन गर्न सकिएन भने आन्दोलनको हरिबिजोग मात्र हुन्छ । अग्रगामी एजेण्डाको स्वामित्व लिन चाहनेहरुले नेता बन्न बनाउन आफुलाई सक्षम बनाउन तथा समावेशी प्रणाली अबलम्वन गर्न चाहनेहरुले आवश्यकताका आधारमा नेतृत्व उत्पादन गर्न जोड लगाउन पर्ने हुन्छ । दान र कृपाबाट नेता बन्ने बनाउने खेल त आन्दोलनको लागि आत्मघाती नै हुन्छ । नेतृत्व विकास एनजिओ तालिमहरुले पैदा गर्दैन, यसले त नेताको ट्यागमा कारिन्दाहरूको जत्था तयार गर्छ । यसले राजनैतिक नेतृत्वको आवश्यकता पुर्ति गर्दैन । हामीले नेतृत्व विकासको गलत पद्धति अभ्यास गरिरहेका छौं र राजनैतिक पार्टीहरु पैसा पद र पावर (राज्यशक्तिको दुरुपयोग र मणडलेकरण)को अभ्यासमा फस्दै गैरहेका छौं । यसका नतिजाहरु पनि भोगिरहेका छौं ।

नेतृत्व विकास भनेको चुनौतिसँग खेल्ने विषय नै हो । नेतृत्वको अविछिन्नता अत्यावश्यक हुन्छ । प्राधिकार जत्तिकै महत्वपूर्ण कुरा उत्तराधिकारको पनि हो । यसका लागि योजनाबद्ध प्रयत्नद्वारा उत्तराधिकारीहरुको प्रतिष्पर्धी फौज नै तयार गर्न लागिएन भने प्राबिधिकरूपमा नेता भेटिएला तर, आवश्यकताको आधारमा नेतृत्वको अभावमा आन्दोलन धाराशायी हुन्छ । यसका लागि धेरै उदाहरणहरु भेटाउन सकिन्छ । त्यसैले नेतृत्वको विकासका बारेमा सचेत र योजनाबद्ध कामको आवश्यक छ । खासगरी क्रान्तिकारी कम्युनिष्ट धाराको निरन्तरता र विकासको लागि आजको स्थिति निराशाजनक छ र यसलाई चिर्ने प्रयत्न खट्किरहेको छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

कांग्रेस संसदीय दलको नेताको चुनावी परिणामले फेरि एकपटक सिद्ध गर्छ कि पुराना दलबाट परिवर्तन सम्भव छैन । परिवर्तनका लागि बैकल्पिक र नयाँ दल नै चाहिन्छ । परिवर्तनको अर्थ पात्र, प्रवृति, परिवेश र परिणाम पनि हो, प्रक्रिया मात्रै होइन । देश फेरि पाँच वर्षलाई भड्खालोमा गयो ।



**- सेतेमान तामाङ**

राजनीतिमा गुण/दोषको आधारमा रचनात्मक भूमिका निर्वाह गरी समर्थन/विरोध गर्नु राजनीतिक संस्कार हो । सही/गलतको बारेमा विचारविमर्श गर्नु भविष्यको मार्ग निर्माणको लागि खाका कोर्नु हो तर, आरोप प्रत्यारोपमा लाग्नु मूर्खको बखान गर्नु हो । बुद्धिमान सत्यको खोजीमा लाग्छ भने मूर्ख भ्रममा दौडिने गर्छ ।



**- हरिकृष्ण शाक्य**

पाँच/पाँच वर्षमा राष्ट्रपति उपराष्ट्रपति सभामुख उपसभामुख प्रधानमन्त्री फेरिँदा उनको सुरक्षाको लागि नमरूनजेल गार्ड दिनुपर्ने गाडी इन्धन घरभाडा सुबिधा दिने नियमले गरिब जनताले खाडिमा पसिना चुहाएर पठाएको रिमिट्यान्सले चलेको देश जनताकै उपहास भएन र जबकी विकसित देसहरूमा यो सुविधा छैन ।



**- राधाकृष्ण कटवाल**

देशका लागि गर्नेले दुई-दुईपटक प्रधानमन्त्री बन्दा चाहे जति काम गर्न सक्छन् तर, आफ्नो लागि गर्नेले जति पटक प्रम भएपनि देश र जनताका लागि केही गर्ने छैनन् । त्यसैले सबै पार्टीका युवा सांसदहरू मिलेर संविधान संशोधन गरी "दुईपटक भन्दा बढि प्रधानमन्त्री बन्न" नपाउने व्यवस्था लागू गर्न जरूरी छ ।



**- ओमकुमार थापा**

कृषकलाई मलमा दिँदै आएको अनुदान सरकारले खोस्न लागेको छ रे ! हाम्रो देश नाममा कृषि प्रधान र व्यवहारमा आयातमुखी हो भने सरकारको काम मजदुर र किसानको नाम बेचेर नेताहरूको भरणपोषण गर्ने मात्रै हो । किसानलाई रूवाएर आफू शासन गर्ने लाचार सरकारले अब पाँच वर्ष रूवाउने मात्रै काम गर्छ भन्ने बुझौं ।

# मधेशप्रतिको व्यवहार

विचार



● उपेन्द्र झा

नेपालको दक्षिणको समतल भू-भाग, जो फरक संस्कृति, भेषभुषा, रीतिरिवाज, भाषा आदिले लैस मानिसहरुको बसोबास भएको ठूलो भूखण्डको नाम मधेश हो । प्राग ऐतिहासिक कालको गौरवमय इतिहास बोकको मध्य देशको नामबाट नै मधेशको नामले प्रचलित नेपालको यो समतल भूखण्ड आफ्नो गौरवमय इतिहास लिएर प्रसिद्ध छ । जनबोलीमा जीवित मधेश नेपालका शासकहरुको माध्यमबाट यसको नामाकरण गरिएको हो । विर्तावालहरु पूर्वीमधेश झरेको, पश्चिमी मधेशको पोत उठाउन गएको, मध्य मधेशको जग्गा बेच्ने आदि राणाहरुको जनबोलीमा सम्मिलित यी उपेक्षाभावका शब्दहरु हुन् । कृषि क्षेत्रको लागि तत्कालिन अंग्रेज सरकारबाट बक्सिस पाएको पूर्व-पश्चिमको समतल भूभाग हरेक दृष्टिबाट उर्बर थियो । मधेशको ठूलो भूखण्डको स्वामित्व लिए पनि यस क्षेत्रमा फरक संस्कृति लिएर बसेका मधेशीहरु प्रति भने अपनत्व भाव जाग्न सकेन । दुई शताब्दीभन्दा बढी भएपनि राज्यको मधेशमा अहिले पनि उपेक्षा भाव कायमै छ ।

मधेश विद्रोहपछि शासकहरु अलि नरम भएसँगै उल्लेख्य संख्यामा राज्यसत्तामा मधेशीहरुलाई सामेल भए । तर, समान हक दिने कुरामा रिजर्व बसे । अहिले पनि मूलभूत मागहरु सम्बोधन हुन बाँकी नै छ । राज्यसत्ताको हरेक क्षेत्र र तहमा मधेशीहरुको समानुपातिक प्रतिनिधित्व गराउन अप्रत्यक्ष बन्देज लगाइएको छ । नेपाली सेनामा मधेशीको सामूहिक प्रवेशमा रोक लागेको छ । मधेश आन्दोलनलाई नेतृत्व गर्दै आएका राजनीतिक दलहरुलाई निस्तजे पार्न र मधेशीमा आफ्नो प्रभाव र आकर्षण कायम गर्न अनेक तिकड्म शासक वर्गको अहम् राजनीति बनेको छ ।

मधेशलाई पछाडि गर्ने विषयमा सबै राजनीतिक दलहरुको मतैक्य हुने गरेको छ । मधेशका राजनीतिक दलहरुलाई आफ्नो प्रभावमा राख्ने, बस्न नचाहे पार्टी विभाजन गराई दिने, कलंकित पार्ने, प्रलोभनमा फसाएर सैद्धान्तिक स्खलन गराईदिने, मधेशमा बदनाम गराएर चुनाव जित्न नदिने आदि षडयन्त्रात्मक खेल निरन्तर चलिरहेको छ । महन्थ ठाकुर, शरतसिंह भण्डारीबाहेक जसपा र लोसपाका शीर्ष तहका मधेशका अगुवा नेताहरु सबै यसपाली पराजित भए । शासक वर्गले व्यवहारमा मित्रता देखाएपनि नियत भने दुषित नै रहेको अनेक घटनाक्रमले देखाएको छ । कानूनभन्दा माथि रहेका यी शासक वर्ग विगतका राजा जस्तै हुकुम प्रमाङ्गीको आधारमा शासन चलाउने कतिपय घटनाले सिद्ध गरिसकेको छ । सहकर्मी पार्टीहरुलाई २० प्रतिशतको अध्यादेश ल्याएर अस्तित्वमा ल्याइएको नेकपा एकीकृत समाजवादी र लोसपा जन्मदेखि नै रुग्नता भोग्न बाध्य आखिर चुनावमा राष्ट्रिय पार्टी बन्न सकेन । आफ्ना जितेका सांसदहरु राज्यको अनैतिक खेलमा फस्न सक्ने भयले यी दुबै पार्टी भयभीत छन् । मन मिल्ने कुनै राष्ट्रिय पार्टीमा विलय हुने अवस्था देखिएको छ ।

अहिले मधेशी आयोगले थारु र मुस्लिमलाई मधेशी क्लस्टरबाट हटाएर ठूलो विवाद सिर्जना गरेको छ । नेपालको दक्षिणी समथर क्षेत्रलाई मधेश भनिएको हो । मधेश कुनै जाती विशेषलाई चित्रित गर्दैन । मधेशमा बस्ने सबै जातजाती मधेशी हुन् । मधेशीमा सूचीकृत रहेको मुस्लिम र थारुलाई हटाई पाउँ भन्ने निवदेनको आधारमा हटाउने निर्णय गर्ने मधेशी आयोग मधेशीको हुन् भन्ने यकीनका साथ परिभाषा पनि गर्न गाह्रो छ । मुस्लिम र थारु मधेशी होइनन् भनेर प्रमाणित गर्ने मधेशी आयोगले मधेशीको पहिचानबारे स्पष्ट विचार राख्नु पऱ्यो । शासक वर्गकै एउटा पक्षले निवेदन हाल्न लगाउने र निर्णय गर्न लगाउने नाटक गरेको स्पष्ट छ ।

मधेशमा एउटा नयाँ विवाद खडा गरेर राजनीतिको केन्द्रमा बसेर खले खेल्ने बदनियत प्रयास हो । मधेशी आयोगलाई माध्यम बनाएर खेलिने यो खेल भविष्यमा खतरनाक परिणाम ल्याउने कुरामा मधेश नै क्षति व्यहोर्ने स्पष्ट देखिन्छ । थारु र मुस्लिमलाई अन्य जातजातीसँग भिडाउने यस्तो कुचेष्टा निन्दनीय छ । विगतमा पहाडी मधेशीको नाम खेल खेलेर सयौं मधेशी युवाहरुले बलिदानी दिने अवस्था बन्यो । विविधताको मालाबाट बनेको हाम्रो सहिष्णु समाजलाई रक्तपातपूर्ण खेल खेल्न बाध्य पार्ने बैरी शक्तिबाट सचेत रहने आवश्यकता देखिएको छ । लोकतन्त्रका बादशाह भनिने शक्तिहरु अर्कै अभीष्ट पुरा गर्न यस्तो फाहेरी खेलको सुत्रपात गरेका छन् । यसमा नपर्न सम्बन्धित सबै सरोकार पक्षले बुझ्नु पर्दछ ।

मधेश र राज्यसत्ताबीचको अन्तर्विरोध शासकवर्गको अस्तित्वसँग जोडिएको हुनाले यो सहज रुपमा साम्य हुन कठिन छ । मधेशको हक अधिकार बहाल नभएसम्म यो अन्तर्विरोध चर्किदै रहन्छ । मधेशलाई अधिकार दिँदा शासक वर्गको अस्तित्वको क्षयीकरण हुने प्रष्ट छ । मधेशले अढाई शताब्दी केही नगरी बसको शासक वर्गको सौभाग्य हो । अब मधेश आन्दोलित भएको छ । आफ्नो हक अधिकारप्रति चेतनशील छ । राज्यले अनेक विधिबाट मधेश आन्दोलनलाई निष्क्रिय गरेपनि यो एक दिन आफ्नो गन्तव्य खाज्ने नै छ । तर, यसलाई निस्तेज गर्ने प्रक्रियामा पनि शासक वर्गको शक्ति क्षयीकरण हुने पक्का छ । ०६३ को मधेश आन्दोलनदेखि अहिलेसम्म राज्यका अनेकन तिकडम मधेशले भोगी सकेको छ । परिस्थितिवश कमजोर भएको अवस्थामा एकता टुटेको देखिए पनि समयले एक पलमा जोडिदिने अवस्था पनि छ । चर्को भेदभावका बीच मधेशसँगको सद्भाव कथापी सम्भव छैन । तसर्थ, राज्यले मधेशलाई पुनश्च उत्तेजित पार्ने कार्य नगरोस् । ***मधेशवाणीबाट***

### क्षमायाचना !

**मध्यान्ह दैनिकको वर्ष २०, अंक ३०५, मिति २०७९ पुस ६ गते बुधबार पृष्ठ ४ (विचार पृष्ठ)मा प्रकाशित 'व्यवस्थामाथि प्रश्न' शीर्षकको लेखमा लेखक अनिल योगीको तस्बिर प्राविधिक कारणले अन्यथा हुन गएकोप्रति क्षमा याचना गर्दछौं । साथै, प्राविधिक कारणले तर, गम्भीररूपमा हुन गएको यस्तो भूल अबका समय नदोऱ्याउने पनि प्रतिबद्धता व्यक्त गर्दछौं ।**

**– सम्पादक**

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | विदेश यात्राको योग छ । सन्तुलित आहार लिनुपर्छ । |
| वृष | : | आध्यात्मिक यात्रा हुने योग छ । तर, बाहन सावधानी राख्नुहोला । |
| मिथुन | : | उधारो धन दिनु हुँदैन । विरोधी कमजोर हुन्छन् । |
| कर्कट | : | बाहन प्राप्तिको योग छ । यात्रा सफल हुनेछ । |
| सिंह | : | विस्तारै कार्य गर्नुहोला । वाणी संयम् जरूरी छ । |
| कन्या | : | सामाजिक प्रभावमा वृद्धि हुने योग छ । तर, अहंकारले गर्दा परेशानी हुनसक्छ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । राजनैतिक कार्य सफल हुनेछ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । तर, घरेलू कार्यहरूमा रूकावट आउनसक्छ । |
| धनु | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । पदोन्नति हुने योग छ । |
| मकर | : | राजनैतिक लाभ प्राप्त हुनेछ । जनसम्पर्कमा वृद्धि हुन्छ । |
| कुम्भ | : | शुभ समय प्राप्त हुनेछ । जोखिम नलिनु होला । |
| मीन | : | पारिवारिक उल्झन र अशान्ति पैदा हुने देखिन्छ । स्वास्थ्य सामान्य रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# रौतहटको दलित बस्तीमा अनुगमन

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ६ पुस

राष्ट्रिय दलित आयोगको टोलीले रौतहटको विभिन्न ठाउँको दलित बस्तीहरुमा अनुगमन गरेको छ । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा र जिल्ला प्रतिनिधसहित अनुगमनमा पुगेको टोलीले मुसहर बस्तीको अनुगमन गरी उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अवस्थाको समेत पहिचान गरेको छ । मंगलबार जिल्लाको गौर नगरपालिका वडा नम्बर २ र राजदेवी नगरपालिका वडा नम्बर ५ लगायत जिल्लाको विभिन्न ठाउँको मुसहर, डोम र चमार बस्तीमा निरीक्षण गर्ने क्रममा बालबालिकाको शिक्षा र स्वास्थ्यको अवस्था, वृद्ध, महिलहरुको अवस्था र उनीहरुको आर्थिक अवस्थाका साथै उनीहरुले भोगिरहेको पीडा र जातीय विभेदको अवस्थाबारे अध्ययन गर्दै राज्यले उपलब्ध गराउने जन्म दर्ता र नागरिकताको प्रमाणपत्र अधिकांश दलितहरुले नपाएको देखिएको थियो । अनुगमन पश्चात अध्यक्ष विश्वकर्माले दलित समुदायले झेलिरहेको विभिन्न किसिमको अन्याय, अत्याचार, छुवाछुतको समस्या, जन्मदर्ताको समस्या र नागरिकताको समस्या लगायत विभिन्न समस्याको समाधानका लागि प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाही, जिल्ला प्रहरी प्रमुख वीर बहादुर मगर, सशस्त्र प्रहरी प्रमुखका साथै सम्बन्धित निकायसँग छलफल गरेर अघि बढ्ने बताए ।



उक्त अनुगममा नेकपा एकीकृत समाजवादीका दलित भ्रातृ संगठन नेपाल दलित मुक्ति संगठनका जिल्ला अध्यक्ष नाथुराम परियार, मधेसी दलित गैर सरकारी संस्था महासंघका राष्ट्रिय अध्यक्ष नरेन्द्र पासवान, वृन्दावन नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान, दलित अभियन्ता सुबा साहेब पासवानको समेत उपस्थिति रहेको थियो ।

## श्री बैजनाथ सल्लेरी सा.व.उ.स., परशुराम-७, कसान, डडेल्धुराको काठ लिलाम सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०७**

यस सा.व.उ.स. को वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई परशुराम न.पा.-७, गिजार स्थित घाटगद्दीमा तपिसल बमोजिमको साल प्रजातिको लट नं. १ र २ को जम्मा गोलिया धान १२९ को जम्मा परिमाण १५६६.८१ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि सिलबन्दी बोलपत्रद्वारा विक्री गर्नु परिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

| लट नं. | जात | गोलिया संख्या | परिमाण (क्यू. फिट) | घाटगद्दी स्थल |
|---|---|---|---|---|
| १ | साल | ५८ | ७१६.४५ | परशुराम-७, गिजार |
| २ | साल | ७१ | ८५०.३५ | |

बैजनाथ सल्लेरी सा.व.उ.स., परशुराम-७. कसान, डडेल्धुरा


## Oman मा रोजगार — Local Oasis Projects

पूर्व स्वीकृती मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३५९० LT No.: 278082

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Female Cleaner | 0 | 4 | कामको दक्ष | 120 | ४१,३८७/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निः शुल्क |

**अन्तरवार्ता : २०७९ पुष १४ गते (29 Dec, 2022) यस प्रा. लि. को कार्यालय स्यूचाटार कलंकी, काठमाडौमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरूपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नुहोला।

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न. ५६४/०६२/०६३
स्यूचाटार, कलंकी, काठमाडौं, फोनः ०१-५२२४५०१, ५२२४५०३


## म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

### नदीजन्य पदार्थको बिक्रीका लागि विद्युतीय माध्यमवाट पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०७९/०९/०७)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तपशिलमा उल्लेखित नदि किनारका स्वीकृत घाटहरुबाट जे जस्तो अवस्थामा छन सोहि अवस्थामा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरि नियमानूसारको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि. नं | सूचना नं./ बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मिटर) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ५-२०७९/०८० | मजुवाटार घाट, म्याग्दे-५ | 1,327.00 | रु. ३,८२,८३५.५४ (तीन लाख वयासी हजार आठ सय पैतीस रुपैया चवन्न पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. १,०००.०० (एक हजार रुपैया मात्र) |
| २. | ६-२०७९/०८० | झकास फुलवारी माथिल्लो घाट, म्याग्दे-५ | 9,373.00 | रु. २३,६६,६३६.५७ (तेईस लाख छैसट्ठी हजार छ सय छत्तीस रुपैया सन्ताउन्न पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ३. | ७-२०७९/०८० | झकास फुलवारी तल्लो घाट, म्याग्दे-५ | 1,580.00 | रु.४,७४,२६७.०२ (चार लाख चौरहत्तर हजार दुई सय सट्सठ्ठी रुपैया दुई पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. १,०००.०० (एक हजार रुपैया मात्र) |
| ४. | ८-२०७९/०८० | साँघु पुलमुनि घाट, म्याग्दे-५ | 1,322.00 | रु. ३,६८,८१२.३५ (तीन लाख अट्सठ्ठी हजार आठ सय बाह्र रुपैया पैतीस पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. १,०००.०० (एक हजार रुपैया मात्र) |
| ५. | ९-२०७९/०८० | चोक्रेटार माथिल्लो घाट, म्याग्दे-४ | 19,450.00 | रु. ५५,५५,८४५.६८ (पचपन्न लाख पचपन्न हजार आठ सय पैतालिस रुपैया अट्सठ्ठी पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ६. | १०-२०७९/०८० | कुडुले घाट, म्याग्दे-४ | 23,406.00 | रु. ६०,३३,८८४.२३ (साठी लाख तेत्तीस हजार आठ सय चौरासी रुपैया तेईस पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ७. | ११-२०७९/०८० | जिमकोट घाट, म्याग्दे-४ | 6,727.00 | रु. १९,४७,९६९.६८ (उन्याईस लाख सच्चालीस हजार नौ सय उन्नसत्तरी रुपैया अट्सठ्ठी पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ८. | १४-२०७९/०८० | झिरलौदी घाट, म्याग्दे-३ | 6,847.00 | रु. २०,१८,९८७.९० (वीस लाख अठार हजार नौ सय सत्यासी रुपैया नब्बे पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ९. | १५-२०७९/०८० | टुनिवोट घाट, म्याग्दे-२ | 11,740.00 | रु. ३१,५०,८५६.३४ (एक्तीस लाख पचास हजार आठ सय छपन्न रुपैया चौतीस पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| १०. | १६-२०७९/०८० | भङ्गालो घाट, म्याग्दे-२ | 6,912.00 | रु. २१,४७,९९५.२४ (एक्काईस लाख सच्चालीस हजार नौ सय पन्चानब्बे रुपैया चौवीस पैसा मात्र) | कवोल अङ्कको ५ प्रतिशत | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |

**बोलपत्र फाराम https://www.bolpatra.gov.np/egp/ मार्फत हेर्न तथा पेश गर्न सकिनेछ। साथै विस्तृत जानकारीको लागि कार्यालय समयभित्र फोन नं. 065–400108 मा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगारको अवसर

कम्पनी : AFAQ SUMMIT REAL ESTATE
शहर: AL KHOBAR

पुर्व स्वीकृत मितिः २०७९/०३/१९ चलानी नं.: ६०१८२३७३ LT.No.: 266473 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष १४ गते (29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. lic. No. 1155/073/74
**A.S. International Group Pvt. ltd.**
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com



## युएई, कतार र मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: SERVEU LLC शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७७/११/१२ चलानी नं.: ६०१६१५६० L.T. No.: 236349 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard Male | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Life Guard Male | 100 | 0 | | 1200 | ४३,१६४ | | | | | | | |
| 3. | Cleaning Worker | 175 | 33 | | 800 | २८,७७६ | | | | | | | |

२. कम्पनी: ELEGANCIA FACILITY MANAGEMENT SERVICES WLL शहर: Doha
पूर्व स्वीकृत मितिः २०७९/०२/२५ चलानी नं.: ६०१८०६३४ L.T. No.: 264560 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 0 | 3 | स. काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SULING MAINTENANCE WORKS SDN BHD शहर: Malaysia, SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०४/१४ चलानी नं.: ६०१८४१२२ L.T. No.: 268149 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1500 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्नु विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP 1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal ☎ 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493
9801080059, 9801044492, 9817002404



## साउदीमा रोजगार

कम्पनी: TRANSFERRING SARAH AHMED ALI AL SINAN
शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५६३ L.T. No.:278018

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL DAMMAM DEVELOPMENT COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५६१ L.T. No.: 278017

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A Builder | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: NASSER M. AL-NASSER CO. EQUIPMENT RENTAL शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५६४ L.T. No.: 277999

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: FALAK AL JAZEERA CONTRACTING CO. शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५६५ L.T. No.: 277979

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pan Road Machinery Driver | 4 | 0 | | 2500 | ८७,८०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि.** श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०



## OMAN मा रोजगारको अवसर

१. कम्पनी : MASOUD SALIM BACKHIT TABOOK TRADING
शहर: SALAH
पूर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३५९१ LT. No.:278066

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | स. काममा दक्ष | 140 | ४८,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : NIZWA FOOD INDUSTRIES LLC शहर: Oman, Nizwa
पूर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३५९२ LT. No.: 278067

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Packaging Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food Dryer | 2 | 0 | | 120 | ४१,३४० | | | | | | | |

३. कम्पनी : AQUR LAND GOLDEN PROJECTS शहर: Oman, Nizwa
पूर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३५९३ LT. No.: 278068

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painter | 1 | 0 | | 120 | ४१,३४० | | | | | | | |
| 3. | Mason General | 1 | 0 | | 120 | ४१,३४० | | | | | | | |
| 4. | Reinforcing Fitters | 1 | 0 | | 120 | ४१,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451, 9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com



## साउदीमा रोजगार

कम्पनी: AL SHALLAL AL NAQY FOR TRANSPORT REFRIGERATION FACTORY
शहर: Saudi Arabia, Draidah
पूर्व स्वीकृत मितिः २०७९/०९/०५ चलानी नं.: ६०१९३५५५ LT. No.:278004

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**R.P. International Consultancy P. Ltd**
श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZEYARAT HOME HEALTH CARE CENTRE शहर : UAE
पूर्व स्वीकृत मितिः २०७९/०४/२६ चलानी नं.: ६०१८५१३६ L.T. No.: 269018 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nursing Assistant | 0 | 17 | स. काममा दक्ष | 2500 | ६१,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष १३ र १४ गते (28 & 29 December 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Ratopul-30, Kathmandu, Nepal, Tel.: 01- 4512370, 4512377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

माथि उल्लेखित यस मेनपावर कार्यालयको पुनः विज्ञापन मिति : २०७९/०९/०६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्ने प्राविधिक कारणवस छुटेको हुँदा २०७९/०९/०७ गते प्रकाशित गरिएको सबैमा जानकारी गरिन्छ ।

# चिडियाखानामा अवलोकनकर्ताको भीड



**काठमाडौं/मस–** ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा अवलोकनकर्ताको भीड लाग्न थालेको छ । कोरोना भाइरसका कारण जीवजनावरको अवलोकन गर्न नपाएका सर्वसाधारण अहिले उल्लेख्यरूपमा आउन थालेको व्यवस्थापन पक्षले जनाएको छ ।

चिडियाखाना व्यवस्थापन प्रमुख रचना साहका अनुसार कोरोना सुरु हुनुपूर्व दैनिक दुई हजार पाँच सयदेखि तीन हजारसम्म अवलोकनकर्ता चिडियाखाना आउने गरेका थिए । अहिले उक्त संख्या बढेर दैनिक चार हजारसम्म पुगेको छ । शुक्रबार विद्यार्थी बढी अवलोकन गर्न आउने हुँदा अन्य दिनमा भन्दा थप भीडभाड हुने गरेको छ । उनका अनुसार अवलोकनकर्ता बढेकै कारण विगत वर्षमा भन्दा यस वर्ष आम्दानीको लक्ष्यसमेत बढाएको छ । विगतका वर्षमा वार्षिक रु १४ देखि १६ करोड आम्दानी गर्दै आएको चिडियाखानाले यस वर्ष रु २० करोड आम्दानी गर्ने लक्ष्य लिएको छ । 'यही अनुपातमा अवलोकनकर्ता आउने हो भने लक्ष्यमा पुग्न हामीलाई कठिन छैन । यहाँको आम्दानीको स्रोत भनेको अवलोकनकर्ताबाट आउने प्रवेश शुल्कबापतको रकमनै नै हो', प्रमुख साहले भने ।

हाल चिडियाखानामा एक सय १० प्रजातिका एक हजार ६८ जीवजनावर रहेका छन् । त्यहाँका मुख्य आकर्षणका रूपमा बाघ, भालु, चितुवा र रातो हाब्रे छन् । ती प्रजातिमध्ये ३३ स्तनधारी, ६१ चरा, आठ उभयचर र १७ प्रजातिका माछा छन् । नेपालमा लोप हुन लागेको भनी सूचीकृत ३८ दुर्लभ वन्यजन्तुमध्ये १५ लाई चिडियाखानाले संरक्षण गरी प्रदर्शनीमा राखेको छ । चिडियाखाना अवलोकन गर्न विदेशीका लागि रु सात सय ५०, सार्क देशका लागि रु पाँच सय, नेपालीलाई रु एक सय ५० र नेपाली विद्यार्थी र ज्येष्ठ नागरिकका लागि रु ९० शुल्क निर्धारण गरिएको छ ।

अवलोकनको लागि तीर्ने शुल्कबाट नै चिडियाखानाले कर्मचारीलाई तलबभत्ता र जीवजनावरलाई खाना खुवाउनेलगायत सबै व्यवस्थापनको काम गर्दै आएको छ । तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर जंगबहादुर राणाले सन् १९३२ मा निजी चिडियाखानाका रूपमा स्थापना गरेका थिए । विसं २०११ देखि सर्वसाधारणका लागि खुला गरिएको चिडियाखाना विसं २०५२ देखि यसको व्यवस्थापनको जिम्मेवारी सरकारले राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गरेको थियो ।

## बहराइनमा रोजगारको अवसर

१. कम्पनी :JUST PERFECT
शहर : Bahrain

पूर्व स्वीकृत मिति: २०७९/०८/२९ चलानी नं.: ६०१९३६०१ L.T. No.: 277844

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ५२,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef | 2 | 0 | | 180 | ६३,०८२ | | | | | | | |
| 3. | cleaner | 2 | 1 | | 130 | ४५,५५९ | | | | | | | |
| 4. | waiter | 1 | 2 | | 140 | ४९,०६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस १४ गते (29 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

